आज मिति २०८३ जेष्ठ २७ गते बुधबारका दिन यस लिखु पिके गाउँपालिकाका अध्यक्ष श्री मिना कार्की (बस्नेत) को अध्यक्षतामा तपशील बमोजिमको कार्यपालिका सदस्यको उपस्थितिमा निम्नानुसारको निर्णय गरियो:

<u>उपस्थिति:</u>

| क.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मिना कार्की बस्नेत | अध्यक्ष | |
| २ | श्री ङवाङ ल्हाक्पा शेर्पा | उपाध्यक्ष | |
| ३ | श्री मिङ्मार गेल्जे शेर्पा | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री मणिराज बस्नेत | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री ध्रुव बहादुर बस्नेत | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री हिक्मत बहादुर बस्नेत | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री ङिमाछिरी लामा | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री सोममाया श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ९ | श्री शोभादेवी लामिछाने | कार्यपालिका सदस्य | शोभा |
| १० | श्री सविता वि.क. | कार्यपालिका सदस्य | |
| ११ | श्री चित्रमाया बराईली | कार्यपालिका सदस्य | |
| १२ | श्री निर कुमार वि.क. | कार्यपालिका सदस्य | |
| १३ | श्री मान बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| १४ | श्री विकेन पौडेल | सचिव | |

**आमन्त्रित:**

| | |
|---|---|
| राज कुमार खत्री | लेखा अधिकृत |
| संगिता बस्नेत | प्रशासन शाखा |

प्रस्तावहरु:

१. म्याद थप सम्बन्धमा।
२. बिद्यालय फर्निचरको भुक्तानी सम्बन्धमा।
३. SEE को भुक्तानी सम्बन्धमा।
४. ग्रेड वृद्वि परिक्षाको भुक्तानी सम्बन्धमा।
५. लेखा समिति गठन सम्बन्धमा।
६. सेल्फिडाँडा भकान्जे लाममाने सडकमा मर्मत संभार कोषबाट बाटो मर्मत गर्ने सम्बन्धमा।
७. MV DUGGAD बाट सञ्चालित हाइड्रोपावरको सेयर सम्बन्धमा।

**निर्णयहरु:**

१. प्रस्ताव नं १ माथि छलफल गर्दा धौलामुखी\बङ्गलामुखी जे.भि. को च.नं ०७ बमोजिम NCB\WORKS\LPKRM\2079\80-02 को Construction of 5 Bed Primary Hospital Buildings म्याद थप गर्न निवेदन पेश गर्नु भएकोमा अस्पताल पूर्णरुपमा सञ्चालन गर्नका लागी निर्माण सम्पन्न गर्नका लागी छ महिनाको म्याद थप गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

साथै, पि. आर. निर्माण सेवाले ठेक्का नं NCB\WORKS\LPKRM\2082\083-02 Upgrading works ok Likhukhola Dekhi Lammane Road ward no 3 dekhi ward no 1 samma को म्याद थप गर्न निवेदन पेश गर्नु भएकोमा सडकका सम्पन्न गर्नका लागी मिति २०८३\०३\२२ गतेसम्म म्याद थप गरिएको निर्णर सर्वसम्मतले पारित गरियो।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा SEE सण्चालनका लागी निर्माण गरिएको फर्निचरको भुक्तानी जनसेवा आ.वि.लाई काम सम्पन्न सन्तोषजनक रहेकोले भुक्तानी गर्ने निर्णर सर्वसम्मतले पारित गरियो।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा SEE सञ्चालनका क्रममा केन्द्राध्यक्ष, सुरक्षकर्मी तथा अन्य कर्माचारीले खाजा तथा खाना तथा ढुवानीको गरी ८०,००० भुक्तानी गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा कक्षा ८ को ग्रेड वृदि परीक्षा तयारीका लागि प्रति विद्यालय २०,००० दिने निर्णय भएकोले सो रकम भुक्तानी गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा लेखा समितिमा गाउँसभा सदस्य श्री दीपक् बस्नेतको संयोजकत्वमा निम्न समिति बनाउने निर्णय सर्वसम्मतले पारित गरियो।

| | |
|---|---|
| श्री दीपक बस्नेत | – संयोजक |
| श्री इन्द्र बहादुर बस्नेत | – सदस्य |
| श्री राज कुमार खत्री | – सदस्य सचिव |

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा उल्लेखित सडक मर्मत संभार कोषबाट मर्मत गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

७. प्रस्ताव नं ७ माथि छलफल गर्दा M.V. DUGGAD बाट सञ्चालित पान हिमालय इनर्जी (लिखु–१ ज.वि.आ.), ग्लोबल हाइड्रोपावर एसोसिएट लि. (लिखु–२ ज.वि.आ.) तथा नुम्बुर हिमालय हाइड्रोपावर लि. (लिखु खोला 'ए' ज.वि.आ.) कम्पनीहरूले यस लिखु पिके गाउँपालिकाको सम्पुर्ण वडालाई अति प्रभावित क्षेत्र घोषणागरी स्थानीय सेयर बाडँफाड गर्दा साधारण सेयरको रुपमा प्रति कित्ता रु १०० मा सेयर बाडँफाड गर्न आग्रह गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

८. प्रस्ताव नं ८ माथि छलफल गर्दा लिखु पिके गाउँपालिकाबासीले M.V. DUGGAD अन्तर्गत आफ्नो मागहरुका सम्बन्धमा शान्तिपूर्ण रुपमा सामाजिक उत्तरदायित्व तथा सेयर लगायतका बिषयमा उठाउनु भएको विषयमा गाउँपालिकाको सम्पूर्ण जनप्रतिनिधिहरुको ऐक्यबद्दता रहेको निर्णय सर्वसम्मतले पारित गरियो।